मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
(५नं. प्रदेश,नेपाल)

वेवसाईट : www. mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com


## बिषय :– स्वयंसेवक शिक्षकको पदपूर्ति सम्बन्धी सूचना ।

तेश्रो पटक प्रकाशित मिति :– २०७६।०८।०९

स्वयंसेवक शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परिक्षाको विज्ञापन सामुदायिक विद्यालयको शून्य दरबन्दी तथा उच्च विद्यार्थी शिक्षक अनुपातलाई परिपूर्ति गर्न खुला प्रतियोगितात्मक लिखित परीक्षाको माध्यमद्धारा पदपूर्ति गर्नका लागि मिति २०७६।०७।०४ र २०७६।०७।२२ गतेको सूचना अनुसार तपसील अनुसारका पदहरुको लागि दरखास्त फारम दर्ता हुन नआएको हुनाले स्वयंसेवक शिक्षक छनौट समितिको मिति २०७६।०८।०१ गतेको बैठकको निर्णय अनुसार उक्त पद हरुका लागि पुनः बिज्ञापन गर्ने निर्णय भएको हुदाँ योग्य उम्मेदवारहरुले यस गाउँपालिकाबाट निर्धारित गरिएको दरखास्त फारम भरी पुनः बिज्ञापन गरिएको मितिले ७ (सात) दिन भित्र दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसील :

| २. निम्नमाध्यमिक तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण | | | | | |
|---|---|---|---|---|---|
| विज्ञापन नं. /विषय | खुला | आन्तरिक | वि.नं./विषय | खुला | आन्तरिक |
| वि.नं./ गणित | ०७/०७६/०७७ | | | | |
| पद संख्या | ३ | | | | |
| **३. माध्यमिक तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण** | | | | | |
| विज्ञापन नं. /विषय | खुला | आन्तरिक | वि.नं./विषय | खुला | आन्तरिक |
| वि.नं./ नेपाली | ११/०७६/०७७ | - | वि.नं./ अंग्रेजी | १२/०७६/०७७ | |
| पद संख्या | १ | | पद संख्या | १ | |
| वि.नं./ गणित | १३/०७६/०७७ | - | वि.नं./ विज्ञान | १४/०७६/०७७ | |
| पद संख्या | २ | | पद संख्या | २ | |
| **४. उच्च माध्यमिक तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण** | | | | | |
| विज्ञापन नं. /विषय | खुला | आन्तरिक | वि.नं./विषय | खुला | आन्तरिक |
| वि.नं./ नेपाली | १६/०७६/०७७ | - | वि.नं./ अंग्रेजी | १७/०७६/०७७ | |
| पद संख्या | २ | | पद संख्या | ३ | |

३. **उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

➢ **निम्न माध्यमिक तहको लागि :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा [illegible] प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) गणित विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ग) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उर्त्तीण गरेको ।

➢ **माध्यमिक तहको लागि :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।

➢ **उच्च माध्यमिक तहको लागि :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

➢ **अन्य आवश्यक कागजातहरु :**

क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाप्रति ।

ख) दरखास्त फारम बुझाउने अन्तिम मिति २०७६ मंसीर १५ गतेसम्ममा नि.मा.वि तहको हकमा १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको र माध्यमिक तहको हकमा २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

ग) स्थायी अध्यापन अनुमति पत्र भएका लाई बिषेश ग्राहयता दिईने छ ।

४. **उम्मेद्वारले अनिवार्य रुपले पेश गर्नु पर्ने कागजातहरु :**

क) गाउँपालिकाद्धारा स्वीकृत गरिएको दरखास्त फारम ।

ख)निम्नमाध्यमिक तहको परीक्षा दस्तुर वापतको रकम कार्यालयको नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. ७००/- का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

ग) माध्यमिक तहको परीक्षा दस्तुर वापतको रकम कार्यालयको नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. १०००/- का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

घ) उच्च माध्यमिक तहको परीक्षा दस्तुर वापतको रकम कार्यालयको नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. १२००/- का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

ङ) उम्मेद्वार कार्यरत राहत, अस्थायी, करार र निजि स्रोतका शिक्षक भए नियुक्ति पत्र र सेवा अवधि प्रमाणित पत्र ।

च) उम्मेद्वार स्थानीयवासी हो भनि वडा कार्यालयले प्रमाणित गरेको पत्र ।

➢ **पुनश्च :**

५. दरखास्त फारम साथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदंवार स्वयम्ले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।

६. परीक्षाको किसिमः (क) लिखित परीक्षा (ख) अन्तवार्ता

७. दरखास्त फारम पेस गर्ने अन्तिम मिति : २०७६ मंसीर १५ गतेसम्म ।

८. दरखास्त सङ्कलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण गाउँपालिकाबाट हुनेछ ।

**९. लिखित परीक्षा हुने मिति समय र स्थान :**

क) लिखित परीक्षाको मिति समय र स्थान दरखास्त फाराम दर्ता गर्ने अन्तिम दिनको भोलि पल्ट तोकिने छ ।

१०. अन्तरवार्ताको मिति, स्थान र समय : लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा मिति, समय र स्थान तोकिनेछ ।

११. निर्वाह खर्च बापत प्रति महिना नि. मा. वि. रु. १२,०००।–(बाह्र हजार),मा. वि. रु. १५,०००।–(पन्ध्र हजार) र उच्च मा. वि. १८,०००।–(अठार हजार) उपलब्ध गराईने छ ।

१२. कार्यसम्पादनको आधारमा बजेट थप बिनियोजन भएमा म्याद थप हुन सक्ने छ ।

**संयोजक**

स्वयंसेवक शिक्षक छनौट समिति